

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३४४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस २० गते शनिबार ❑ 4 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## भाषा, संस्कृति हाम्रा पहिचान हुन्: मन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १९ पुस

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले भाषा, संस्कृतिहरू हाम्रो पहिचान भएको बताउनुभएको छ ।

नेपाल मगर सङ्घ गण्डकी प्रदेशद्वारा सोमबार पोखरामा आयोजित सांस्कृतिक महोत्सवको उद्घाटन गर्दै उहाँले भाषा, संस्कृति जोगाउनुपर्ने भन्दै यी विषय हाम्रो इतिहास र पहिचानसँग प्रत्यक्ष जोडिएका उल्लेख गर्नुभयो । आदिवासी,जनजातिहरूकोसंस्कृति जगेर्नासँगै उनीहरूका हकहितको संरक्षणलाई लक्षित गरी सरकारले विभिन्न आयोगहरू बनाएको जनाउँदै मन्त्री गुरुङले त्यसको व्यवहारिक उपयोग हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

राज्यले आदिवासी, जनजातिका लागि आरक्षणको व्यवस्था गरे पनि त्यसको कति उपयोग गर्न सकियो त्यसतर्फ ध्यान दिनु जरुरी रहेको बताउँदै उहाँले भन्नुभयो, "राज्यले आरक्षणको व्यवस्था गरेर मात्रै हुँदैन त्यसको व्यावहारिक उपयोग हुनुपर्दछ ।" जनताले अपेक्षा गरेअनुसार वर्तमान सरकारले काम गर्न पहल गरिरहेको बताउँदै सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चारमन्त्री गुरुङले विभिन्न स्थानमा अवरोधका रूपमा देखिएका नीतिगत समस्याको समाधानका लागि विभिन्न



११ वटा कानुन बनाएर संसद्बाट पारित गराउने तयारी भइरहेको जानकारी दिनुभयो । आगामी संसद् अधिवेशनमा ती कानुन पारित गरेर अघि बढ्ने तयारीमा सरकार रहेको उहाँले बताउनुभयो । सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्न संसद्मा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक दलका प्रतिनिधि सम्मिलित छानबिन समिति गठन गरिएको उल्लेख गर्दै मन्त्री गुरुङले सहकारी क्षेत्रका समस्याको दीर्घकालीन समाधानतर्फ सरकार अघि बढिरहेको उल्लेख गर्नुभयो । सहकारीमा गल्ती नगर्नेले तसिर्नु नपर्ने भन्दै उहाँले भन्नुभयो, "न्यायिक प्रक्रियामा साथ दिनुहोस् डराउनुपर्दैन, जनताको पैसा हिनामिना गर्नुभएको छैन भने नडराए हुन्छ ।" सहकारीमा ठगीमा संलग्न जोकोही कानुनी कारबाहीको दायरामा आउनुपर्ने बताउँदै मन्त्री गुरुङले भन्नुभयो, "जसले सहकारी बचतकर्ताको रकम ठगेको छ, त्यो जुनसुकै दलको भएपनि पार्टीको छाता ओढेर छुट पाउने छैन ।" हरेक १० वर्षभित्र संविधान कार्यान्वयन गर्दै जाँदा कहाँ कहाँ कमजोरी देखियो, बाधा परेका धारा तथा कानुन परिवर्तन गरिने व्यवस्था रहेको उल्लेख गर्दै मन्त्री गुरुङले संविधान संशोधन गर्दा सहमति र समन्वयबाट गरिने बताउनुभयो । उहाँले संविधानको मूल मर्म सङ्घीयता, धर्मनिरपेक्षता, समानुपातिक समावेशी व्यवस्थालगायत विषयमा भने संशोधन हुन नसक्ने उहाँले स्पष्ट पार्नुभयो ।

विविधता युक्त हाम्रो समाज इन्द्रेणी समाज रहेको उल्लेख गर्दै सञ्चारमन्त्री गुरुङले यसको उदाहरणका रूपमा प्रतिनिधिसभा, राष्ट्रियसभा, प्रदेशसभा, तथा पालिकाहरूमा प्रतिनिधित्व हुँदै आएको बताउनुभयो । सरकार अविकसितबाट विकासशील राष्ट्रमा पुगेको जनाउँदै उहाँले यसबाट अघि बढ्नका लागि व्यापार घाटा घटाउनुपर्ने, उत्पादन बढाउनुपर्ने, निर्यात बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

विसं २०४७ यता देशमा धेरै उपलब्धि हासिल भएकाले नेपाली कोही पनि निराश हुनुपर्ने अवस्था नरहेको बताउँदै मन्त्री गुरुङले सबै पालिकाहरूमा बाटोको सुविधासँगै बिजुलीबत्ती, खानोपानीलगायत सुविधा र पूर्वाधारविकासहुँदैगएकोजानकारी गराउनुभयो । गरिबी घटाउने, पूँजीगत खर्च बढाउनेलगायत काममा सरकार लागेको उल्लेख गर्दै उहाँले सरकारले सुरु गरेका केही सकारात्मक कामको आगामी जेठसम्ममा अनुभूति हुने धारणा राख्नुभयो । मगर जाति मौलिक संस्कृतिले धनी रहेको बताउँदै मन्त्री गुरुङले समुदायमा समन्वयको भावनासहित आफ्ना संस्कृतिको जगेर्ना गर्दै अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो । संस्कृतिको जगेर्नासँगै समयसापेक्ष रूपमा यसको संरक्षण र प्रवर्द्धन गर्दै अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो । नेपाल मगर सङ्घ गण्डकीका अध्यक्ष तारामाया थापा मगरले मौलिक संस्कृतिको जगेर्नाका लागि महोत्सव गरिएको जानकारी दिनुभयो । कार्यक्रममा विभिन्न जिल्लाबाट प्रतिनिधित्व गरेका मौलिक मगर नृत्य प्रस्तुत गरिएको थियो ।


## कोइका र गण्डकी प्रदेश बीच सम्झौता

**पोखरापत्र संवाददाता**
पोखरा, १९ पुस

कोरिया इन्टरनेशनल कोअपरेसन एजेन्सी कोइका र गण्डकी प्रदेशको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय बीच "गण्डकी प्राविधिक शिक्षालयको पूर्वाधार विकास" सम्बन्धी सम्झौता पत्र मा हस्ताक्षर भएको छ ।

सचिव राजेन्द्रदेव पाण्डे र कोइका नेपाल कार्यालयका देशीय निर्देशक मुहुन कङले उक्त सम्झौता पत्रमा हस्ताक्षर गर्नू भएको हो । कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको उपस्थितिमा उक्त कार्यक्रम भएको हो । कोरियाली सरकार मार्फत कोईकाले यो परियोजनाका लागि ९ मिलियन अमेरिकी डलर अर्थात करिब नेपाली १ अर्ब २४ करोड खर्च गर्ने भएको छ । परियोजना सन् २०२५ बाट सुरु भई पाँच वर्षसम्म सञ्चालन हुने भएको छ । यो परियोजना कोईका र गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानले संयुक्त रूपमा कार्यान्वयन गर्ने भएका हुन् ।

कार्यक्रममा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले फेदीखोलामा निर्माण गरिने उक्त भवनको शिलान्यास गर्नुभयो । कार्यक्रममा गण्डकी प्रदेशका सामाजिक विकास यवा तथा खेलकुद मन्त्री बिन्दुकुमार थापा, कोईका नेपाल



कार्यालयका देशीय निर्देशक मुहुन कङ, र फेदीखोला गाउँपालिका अध्यक्ष घनश्याम सुवेदी लगायतको सहभागिता रहेको थियो । यो परियोजनाको मुख्य उद्देश्य २१ औं शताब्दीको घरेलु तथा अन्तर्राष्ट्रिय आवश्यकतालाई पूरा गर्न सक्षम जनशक्ति उत्पादन हुने मुख्यमन्त्री पाण्डे बताउनु भयो । परियोजनाले प्राविधिक र व्यावसायिक शिक्षा तथा तालिम नीति र १५औं राष्ट्रिय योजनासँग समन्वय गर्दै निर्माण क्षेत्रको आवश्यकता पूरा गर्न र रोजगारको अवसर बढाउन सहयोग पुऱ्याउने उहाँले विश्वास व्यक्त गर्नु भयो । कोईकाले ४,६३० वर्गमिटरको प्राविधिक शिक्षालय भवन निर्माण गर्ने योजना बनाएको छ । यसमा कक्षा कोठा, कार्यशाला, छात्रावास (महिला छात्राका लागि) लगायतका आवश्यक उपकरण, फर्निचर, र शैक्षिक सामग्री उपलब्ध गराउने भएको छ । साथै, कोईकाले प्राविधिक शिक्षालयको मास्टर प्लान, स्थानिय आवश्यकता अनुरूप छोटो समय तालिम, सञ्चालन योजना, करियर सेवा प्याकेज र उद्योगसँगको सहकार्य विकासका लागि प्राविधिक मार्गदर्शन र सहयोग प्रदान गर्ने भएको छ । मुख्यमन्त्री पाण्डेले नेपाल र दक्षिण कोरिया बीचको द्विपक्षीय सहकार्यको प्रशंसा गर्दै उक्त परियोजनाको सफलताका लागि पूर्ण प्रतिबद्धता व्यक्त गर्नुभयो । कोईका नेपाल कार्यालयका देशीय निर्देशक मुहुन कङले यो परियोजनाले युवाहरू, महिला र व्यक्तिहरूलाई गुणस्तरीय प्राविधिक शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने बताउनु भयो । उहाँले नेपालमा प्राविधिक र व्यावसायिक शिक्षालाई प्राथमिकता दिएको पनि उल्लेख गर्नुभयो । मन्त्री थापाले यो परियोजनाले देशभित्र दक्ष र सक्षम जनशक्ति उत्पादन गर्न सहयोग गर्ने र जसले अन्ततः देशको आर्थिक विकासमा टेवा पुग्ने विश्वास व्यक्त गर्नु भयो । उहाँले नेपाल सरकारलाई लगातार सहयोग गरेकोमा कोईका प्रति धन्यवाद व्यक्त गर्नु भयो ।

## सरकारको नीतिअनुसार प्रभावकारी कार्यसम्पादन गर्न मन्त्री दाहालको निर्देशन

**पोखरापत्र संवाददाता**
पोखरा, १९ पुस

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले सरकारको नीतिअनुसार प्रभावकारी कार्यसम्पादनका लागि कर्मचारीलाई निर्देशन दिनुभएको छ ।

सडक विभागद्वारा पोखरामा आयोजना गरिएको 'आयोजना सञ्चालन तथा व्यवस्थापनसम्बन्धी दुईदिने कार्यशाला' समापनमा शुक्रबार उहाँले विकास निर्माणलाई तीव्रता दिइ आर्थिक समृद्धिको लक्ष्य हासिल गर्नुपर्ने भएकाले सोही ढङ्गबाट तदारुकताका साथ काम गर्न निर्देशन दिनुभएको हो ।

मन्त्री दाहालले रुग्ण आयोजनाहरूको व्यवस्थापन गर्दै नयाँ आयोजनालाई गति दिनेगरी कार्यक्षेत्रमा खटिन आग्रह छ । असल नियतले कार्यसम्पादन गर्दा कुनै पनि निकायबाट कारबाहीमा परिन्छ कि भन्ने डर नमानी कार्य गर्न र नीतिगत समस्या भए मन्त्रालयले सहजीकरण गर्नेसमेत उहाँले प्रतिबद्धता




जनाउनुभयो । "नेपाल अझै पनि निर्माणकै चरणमा रहेकाले अब बन्ने र बनिरहेका संरचनालाई दिगो र सुरक्षित बनाउनेतर्फ ध्यान दिन आवश्यक छ । आयोजनालाई आवश्यकता र उपयोगिताका आधारमा प्राथमिकता दिइ सङ्ख्यात्मक रूपमा मात्र नभई गुणात्मक पक्षमा पनि ध्यान दिन मेरो आग्रह छ", मन्त्री दाहालले भन्नुभयो,"कुनै पनि आयोजना लामो समयसम्म अलपत्र पार्ने प्रवृत्तिको अन्त्य गर्न मन्त्रालयले प्राथमिकताका साथ काम गरिरहेको छ । यस पक्षमा पनि यहाँहरूबाट सहयोग हुनुपर्छ ।"

मन्त्रालयका सचिव केशवकुमार शर्माले प्रत्येक आयोजनाको विवरण चुस्त राख्न, अभिलेख प्रणालीलाई व्यवस्थित बनाउन र कार्यक्षेत्रमा रहेर काम गर्न कार्यालय प्रमुख तथा आयोजना प्रमुखलाई निर्देशन दिनुभयो ।

कार्यसम्पादनका क्रममा बेरुजु फछ्र्यौटलाई ध्यान दिँदै बेरुजु नहुने ढङ्गबाट काम गर्न उहाँले आग्रह गर्नुभयो । कार्यशालामा सडक विभागका महानिर्देशक रामहरि पोखरेल, उपमहानिर्देशक उमेशबिन्दु श्रेष्ठ, मन्त्रालयका सहसचिव चन्द्रकला पौडेल, कृष्णराज पन्त, प्रभातकुमार झालगायतले विभिन्न विषयमा अवधारणापत्र पेस गर्नुभएको थियो । कर्मचारीको कार्यसम्पादनलाई थप गतिशील बनाउन देशका अन्य भागमा यस प्रकारको कार्यशाला सञ्चालन गरिने सडक विभागका महानिर्देशक पोखरेलले जानकारी दिनुभएको छ । कार्यशाला सत्रबुँदे प्रतिबद्धता तथा निर्देशन जारी गर्दै सम्पन्न भएको छ । बढीभन्दा बढी समय कार्यक्षेत्रमा खटिन, अभिलेख प्रणाली व्यवस्थित बनाउन, कार्यसम्पादन विवरण नियमित रूपमा विभागमा पठाउनेलगायत विषय त्यसमा समेटिएका छन् ।

यस्तै, रुग्ण आयोजना व्यवस्थापनको कामलाई गति दिन, सञ्चालित आयोजनाको नियमित नियमन गर्नेलगायत विषय पनि यसमा रहेका छन् । उक्त १७ बुँदे प्रतिबद्धता तथा निर्देशनको प्रभावकारी कार्यान्वयन गर्न मन्त्री दाहालले आग्रह गर्नुभयो । मन्त्रालयका सचिव शर्माले उल्लेखित विषय कार्यान्वयन भए, नभएको मूल्याङ्कन मन्त्रालयले गर्ने र त्यसलाई दण्ड र पुरस्कारको आधार बनाइने बताउनुभयो ।


## कास्की जिल्ला स्तरीय न्यायिक समिति सम्मेलन सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १९ पुस

कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका न्यायिक समितिको आयोजनामा शुक्रवार जिल्ला स्तरीय न्यायिक समिति सम्मेलन सम्पन्न भएको छ ।

कार्यक्रमलाई सम्वोधन गर्दै गाउँपालिका अध्यक्ष मिन ब. गुरुङले मेलमिलाप कर्ताहरुले पशिक्षणको भरमा काम गर्दा कठिनाइहरु रहने भन्दै न्यायीक समितिमा सम्बन्धित कानुन अध्यन गरेको व्यक्ति नै राख्न सके थप सहज हुने विश्वस व्यक्त गर्नुभयो । मेलमिलापकले बास्तविक पिडितले न्या पाउने गरि जनताको हितमा काम गर्न आग्रह समेत गर्नभयो । उपाध्यक्ष एवं न्यायिक समिति संयोजक सीता

बाँकी अन्तिम पृष्ठमा ▶▶

# नेपाल फिजिकल ट्रेनिङ एशोसियसन संघीय समितिको साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, १९ पुस

नेपाल फिजिकल ट्रेनिङ एशोसियसन संघिय समितीको १३ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । साधारण सभाले समितिका उपाध्यक्ष सु.शेर बहादुर गुरुङलाई वरिष्ठ उपाध्यक्षमा निर्वाचित गरेको छ।

साधारण सभाको उद्घाटन गर्दै संस्थाका संरक्षक याम बहादुर गुरुङले ब्यवसायीहरुले संस्थाको हित हुने गरी ब्यवसायलाई मर्यादित ढंगले सञ्चालन गर्नुपर्नेमा जोड दिए । संस्थाले ब्यवसायीहरुलाई हित हुने काम गर्ने भएकाले ब्यवस्थित र मर्यादित ढंगले ब्यवसायीहरु अगाडी वढे संस्था मजबुद हुने उनको भनाइ रहेको थियो ।




ब्यवसायीहरु पूर्वाग्रही नभइकन एक अर्काबीच सहकार्य गरेर समेत अगाडी वढ्नुपर्नेमा गुरुङले जोड दिए । त्यस्तै संस्थाका संरक्षक तथा निवर्तमान अध्यक्ष मिन बहादुर गुरुङले संस्था र संगठन बलियो बनाउनका लागि संस्थाको गतिबिधी र सदस्यहरुको भुमिका महत्वपूर्ण रहने बताए। संस्थामा आवद्ध सदस्यहरुले समयअनुसार आफुहरुलाई परिमार्जित गर्दै लैजान आवश्यक रहेको वताउदै गुरुङले संस्थाको हक हितको लागि ब्यवसायीहरुको भूमिका महत्वपूर्ण रहने र सवै मिलेर संस्थालाई मजबुद बनाउन सकिने समेत बताए । साधारण सभामा कोशी प्रदेश समितिका कोषाध्यक्ष सन्तोष राई, बागमती प्रदेश समितिका सचिव नविन गुरुङ, प्रदेश समिति गण्डकीका अध्यक्ष सु.मे. जित बहादुर गुरुङ, संघीय समिति पोखराका कोषाध्यक्ष सु. केहर सिंह गुरुङ, संघिय समिति पोखराका कोषाध्यक्ष सु. केहर सिंह गुरुङ, संघिय समिति पोखराका महासचिव हिमालय बिक्रम लिम्बुले महासचिवको सांगठनिक प्रतिवेदन पेश गरेका थिएभने सभामा उपस्थित सदस्यहरुले प्रतिवेदन पास गरेका थिए । नेपाल फिजिकल ट्रेनिङ एशोसियसन संघिय समितीका अध्यक्ष गोपाल राईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गण्डकी प्रदेश समितिका अध्यक्ष जित बहादुर गुरुङ, बागमती प्रदेशका उपाध्यक्ष ध्रुव अधिकारी, कोशी प्रदेशका उपाध्यक्ष गणेश चौहान लगायतले शुभकामना मन्तब्य ब्यक्त गरेका थिए । संस्थाका उपाध्यक्ष सु. शेर बहादुर गुरुङले स्वागत मन्तब्य राखेको कार्यक्रमको सञ्चालन महासचिव हिमालय बिक्रम लिम्बुले गरेका थिए।

# अन्तर्राष्ट्रिय महासन्धि पारित गरे पनि कार्यान्वयन नगरेकोमा असन्तुष्टि प्रकट

पोखरापत्र संवाददाता
पोखरा, १९ पुस

पोखरामा आयोजित एक कार्यक्रमका सहभागीहरुले सरकारले वातावरण संरक्षण सम्बन्धि अन्तरराष्ट्रिय सन्धि - महासन्धिहरु पारित भएको भए पनि कार्यान्बयन नगरेकोमा असन्तुष्टि प्रकट गरेका छन् ।

शुक्रबारदेखि पोखरामा शुरु भएको प्रकृति-मानव केन्द्रित जन अभियानको छैठौं राष्ट्रिय सम्मेलन उद्घाटन समारोहमा बोल्ने वक्ताहरुले सरकारप्रति असन्तुष्टि प्रकट गरेका हुन्। अभियानका पूर्व केन्द्रीय अध्यक्ष उत्तम कंडेलले ब्यापक बायु प्रदुषणकाकारण दक्षिण एशिया मानिसहरुका लागि घातक भैरहेको जिकिर गर्दै यसरी नै वातावरण माथि खेलवाड हुँदै गएमा जीवनमाथि पनि संकट पर्ने चेतवानी दिए।

मानव र प्रकृतिको रक्षाका लागि राज्यबाट मात्र भर पर्न सक्ने अवस्था नरहेको बताउदै कंडेलले प्रकृति र मानवको रक्षाका लागि उपयुक्त नीतिको आबश्यकता रहेको कुरामा जोड दिए । अभियानका उपाध्यक्ष राजन केसीले नेपाल जस्ता साना मुलुकहरुले थोरै कार्बन उत्सर्जन गरेको भए पनि ठुला र बिकसित देशहरुले ठुलो मात्रामा उत्पादन गरेका कार्बनको पीडा भोग्नु परेको बताए। सरकारले विभिन्न खाले सन्धि-महासन्धिहरु पारित गरेको भए पनि मानव र प्रकृति बचाउने खालका कुनै कार्यहरु नगरेको गुनासो गरे। उनले राज्यले वातावरण संरक्षणक पक्षमा कुनै काम नगरेको अवस्थामा अब जनता र निजि क्षेत्र प्रकृति र मानवको रक्षाका लागि लाग्नु पर्ने कुरामा जोड दिए। शनिबारसम्म चल्ने उक्त सम्मेलनले नयाँ नेतृत्व चयन गर्ने छ भने वातावरण तथा प्रकृति संरक्षण सम्बन्धमा बिबिध प्रस्तावहरु पारित गर्ने अभियानका पूर्व अध्यक्ष सन्त बहादुर घिसिङले जानकारी दिए । सम्मेलनको उद्घाटन पूर्व शुक्रबार बिहानै उक्त अभियानले प्रभातफेरी कार्यक्रमको आयोजना गरेको थियो।

# लेखनाथ महोत्सवमा आर्कषणको केन्द्र बन्दै बुद्धको प्रतिमा

पोखरापत्र संवाददाता
पोखरा, १९ पुस

"महोत्सव लेखनाथको संस्कृति, स्थानीय उत्पादन विकास र सम्मृद्धि" भन्ने नाराका साथ सुरु भएको २० औं संस्करणको लेखनाथ महोत्सवमा राखिएको बुद्धको प्रतिमा दर्शकहरुको आर्कषणको केन्द्र बनेको छ।

हरेक संस्करणमा केही न केही नयाँ प्रयोगको माध्यमबाट दर्शकहरुको ध्यान तान्न सफल महोत्सवले यसपटक भने विश्व शान्तिको कामनाका साथ महोत्सव परिसरमा भगवान गौतम बुद्धको आर्कषक प्रतिमा स्थापना गरेको हो। महोत्सवमा स्थापना गरिएको उक्त प्रतिमाले बालबालिका देखी वृद्ध वृद्धाहरुसम्मको ध्यान खिच्न सफल भएको छ । प्रतिमामा सँगै फोटो खिचाउनेदेखी टिकटिक बनाउनेसम्मको भिड लाग्ने गरेको छ। उक्त प्रतिमाका परिकल्पनाकार विश्वगोपाल श्रेष्ठ भन्छन बुद्धको प्रतिमाले महोत्सवमा दर्शकहरुको ध्यान तान्न त सफल भएको छ नै त्यसबाहेक धार्मिक सहिष्णुता र विश्व शान्तिको सन्देश पनि प्रवाह गर्न सफल भएको छ। झण्डै



३ लाख ५० हजार रुपैयाँको लागतमा स्वदेशमा नै निर्माण भएको उक्त प्रतिमा महोत्सव पश्चात लेखनाथमै उपयुक्त ठाउँको खोजी गरेर स्थापना गरिने आयोजकले जानकारी दिएको छ । यसले लेखनाथ क्षेत्रको धर्मिक पर्यटन प्रर्वद्धनमा समेत टेवा पुग्ने आयोजकको दावी छ । विहिबारबाट शुरु भएको महोत्सवको दोश्रो दिन शुक्रबार १० हजार दर्शकहरुले अवलोकन गरेका छन भने र ३० लाख बराबरको कारोबार भएको महासचिव एवं महोत्सव प्रचार प्रसार समितिकी संयोजक जानुका पराजुली अधिकारीले जानकारी दिईन।

महोत्सवमा शुक्रबार लोकदोहोरी कलाकारहरु रामजी खाँण, सरस्वती लामिछाने, मधु रसाईली, कृष्ण सुवेदी, सविना गुरुङ, केशव देवकोटा, शिवहरी ढुंगाना, उमादेवी खनाल, रमा गौतमले प्रस्तुती दिएका थिए भने बेलुका लाईभ कन्सर्टमा प्रकाश दुतराज र सञ्जिव सिंह रानाले स्टेज तताएका थिए । शनिबार लोकदोहोरीतर्फ बालचन्द्र बराल, शान्तीश्री परियार, ध्रुव जिसी, तुलसा जिसी, नेत्र खड्का, सरिता लगायतले प्रस्तुती दिनेछन भने हाँस्यव्यङ्ग्य तर्फ पवन खतिवडा 'म्याकुरी' को प्रस्तुती रहनेछ। यस्तै बेलुकापख हुने लाईभ कन्सर्टमा रचना रिमाल र सुनिल गिरीको प्रस्तुती रहने कलाकार व्यवस्थापन समितिका संयोजक उपेन्द्रराज सुवेदी राजुले जानकारी दिएका छन । शुक्रबार महिला/आमा समुहका विच भएको हाजिरी जवाफ प्रतियोगितामा सरस्वती सामुदायिक महिला समुह सेमिफाईनल चरणमा प्रवेश गरेको छ भने विद्यालयस्तरीय नृत्यतर्फ ३ वटा विद्यालयले प्रस्तुती राखेका छन । लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा हुने महोत्सवको सह-आयोजकमा उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश र नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश रहेका छन भने प्रवर्द्धकमा पोखरा महानगरपालिका र नेपाल पर्यटन वोर्ड रहेका छन।

# स्व. बसन्तकेशव पराजुलीको छैटौं स्मृति दिवस मनाइयो

पोखरापत्र संवाददाता
पोखरा, १९ पुस

गण्डकी प्रदेशको सामाजिक क्षेत्रमा कार्यरत अगुवा संस्था पोखरा बृद्धाश्रम एवम निबृत्त शिक्षक समुदाय, कास्कीका अध्यक्ष स्व. बसन्तकेशव पराजुलीको छैठौ स्मृति दिवस बिभिन्न कार्यक्रमका साथ मनाइएको छ।

राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका तत्कालिन केन्द्रीय सल्लाहकार एवम् पोखरा बृद्धाश्रममा दुई दशक सम्म अनवरत सेवा गर्नुभएका स्वर्गीय पराजुलीको स्मृति दिवश हरेक वर्ष विभिन्न रचानात्मक कार्यक्रमका साथ मनाउँदै आइएको प्रेस स्वतन्त्रता सेनानी तथा पोखरा बृद्धाश्रमका अध्यक्ष कुसुम केशव पराजुलीले बताउनुभयो । यसवर्ष स्व.बसन्तकेशवको छैटौं स्मृति दिवसको उपलक्षमा पोखरा र आसपासका जिल्लाका ज्येष्ठ नागरिकलाई लक्षित गरी डिमेन्सिया अर्थात अल्जाईमर रोग सम्बन्धी सचेतना कार्यक्रम गरिएको छ । अल्जाईमर एवम डिमेन्सिया रोगबारे नेपाली जनमानसमा धेरै जानकारी नभएको र यो बिषयमा



जनचेतना जगाउने कार्यक्रम अत्यन्त न्युन रहेको कारण यस्तो बिर्सने रोग बृद्धि भएको कुरा सचेतना कार्यक्रमका प्रस्तोता तथा मनोरोग बेत्ता डाक्टर राजन शर्माले बताउनुभयो । डिमेन्सिया अल्जाईमर रोग आफैमा "सुशुप्त मृत्युजय" अर्थात साईलेन्स किलर छ भन्दै डा.शर्माले संसारमा अहिले यस्तो नसर्ने रोगको प्रकोप बढ्दै गएको बारे चिन्ता व्यक्त गर्नुभयो । डिमेन्सिया रेगबाट पीडित भएका बिरामी र उनिहरुको मृत्यको संख्या नेपालमा कति छन् भनेर आधिकारिक तथ्यांक नभए पनि करिब पाँच प्रतिशतको हाराहारीमा बिश्वको जनसंख्या यो रोगबाट पीडित भएको कुरा बिश्व स्वास्थ्य संगठनको आँकडाले देखाएको छ । साईलेन्स किलर यस्तो रोगबारे ब्यापक जनचेतना जगाउन नसकेमा नेपालमा पनि १० प्रतिशत ज्येष्ठ नागरिकहरु धेरैथोरै यो रोगबाट ग्रसित हुँदै जाने अवस्था रहेको उहाँले जानकारी दिनुभयो । कार्यक्रममा डिमेन्सिया रोग न्युनिकरणका लागि पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानका डा.बिजय बस्नेतले अपनाउनुपर्ने तरिका बारे स्पष्ट पार्नुभएको थियो। गण्डकी प्रदेसभा सदस्य भीम बहादुर कार्कीले स्व.बसन्त केशव पराजुली जस्ता समाजिक अभियन्ताहरुले संचालन गर्दै आएका यस्ता कार्यक्रमहरुलाई सरकारले सहयोग गर्नु पर्ने बताउनुभयो। निबृत्त शिक्षक समुदायका केन्द्रीय उपाध्यक्ष तोयनाथ लामिछानेले पुर्व शिक्षक एवम सामाजिक अभियन्ता बसन्त केशव पराजुलीको योगदान बारे चर्चा गर्नुभयो । निबृत्त शिक्षक समुदाय, कास्कीका अध्यक्ष छबिलाल आचार्य, ज्येष्ठ नागरिक महासंघ गण्डकी प्रदेशका सचिव ईच्छाबहादुर वाग्ले, स्याङ्गजा जिल्लाबाट आएकी नेपालका पहिलो महिला बिकास अधिकृत कल्पना बस्याल लगायतले आ आफ्ना धारणा राख्नुभयो ।

कार्यक्रमा गण्डकी प्रदेशमा रहेका अधिकांस जिल्लाबाट आएका ज्येष्ठ नागरिक र कास्की जिल्लामा रहेका पुर्व शिक्षक, बौद्धिक ब्यक्तित्व र समाजिक क्षेत्रमा कार्यरत अभियान्ताहरुको उपस्थिति थियो । पोखरा बृद्धाश्रमको हातामा सम्पन्न कार्यक्रममा हालै मात्र नेपाल सरकारले काठमाडौमा सम्पन्न चौथो राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको उपलक्षमा पोखरा बृद्धाश्रमलाई सम्मान एवम पुरस्कृत गरेको बृद्धाश्रमका उपाध्यक्ष केशवराज लम्सालले जानकारी दिनुभयो ।

पोखरा बृद्धाश्रमको कार्यको प्रशंसा गर्दै बिहिबार बुद्ध एयरका कार्यकारी अध्यक्ष बीरेन्द्र बहादुर बस्नेतले पोखरा बृद्धाश्रमलाई एक लाख नगद प्रदान गर्नुभएको थियो ।

# कास्कीमा काँग्रेसको एक सय दिने अभियान जारी

पोखरापत्र संवाददाता
पोखरा, १९ पुस

नेपाली काँग्रेस कास्कीले पार्टीको एक सय दिने विशेष अभियानलाई जारी राखेको छ।

अभियान अन्तर्गत नेपाली काँग्रेस मादी गाउँपालिकाले मादी गाउँपालिका वडा नं १ सिक्लेसमा अन्तरक्रिया गरेको कास्की काँग्रेसका सहसचिव एवं प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो । उहाँका अनुसार, पुस १९ गते आज रुपा र पुस २६ गते पोखरामा अभियानका कार्यक्रमहरु संचालन हुनेछ।

सिक्लेसमा मादी गाउँपालिकाको आर्थिक विकासमा कृषि पर्यटनको सम्भावना र चुनौती विषयक अन्तरक्रिया कार्यक्रम गरिएको हो। कार्यक्रममा मादीका वडाका पार्टीका पदाधिकारीहरु, जनप्रतिनिधिहरु र अभियानका लागि मादीका वडामा खटिनुभएका संयोजकहरु सहभागि हुनुहुन्थ्यौं।

कार्यक्रममा बोल्दै नेपाली काँग्रेसका केन्द्रीय सदस्य गोविन्द



भट्टराईले काँग्रेसले देशको सबै क्षेत्रको नेतृत्व गरेको बताउनुभयो। अभियानका लागि कास्की जिल्ला प्रतिनिधि समेत रहनु भएका उहाँले देशमा भ्रमको राजनीति हावि हुन थालेको भन्दै भ्रमलाई चिर्दै काँग्रेस अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बरालले जनताको आवश्यकता नै काँग्रेसको एजेण्डा हुनुपर्ने उल्लेख गर्नुभयो। त्यस अवसरमा पर्यटन व्यवसायी पशुपति शर्माले मादीको कृषि पर्यटनको सम्भावना र चुनौतीका विषयमा प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा कास्की काँग्रेसका पूर्व सभापति यज्ञबहादुर थापा, महासमिति सदस्य दिपक गुरुङ माइला, महाधिवेशन प्रतिनिधि गिमाया गुरुङ, नरेन थापा, कास्की काँग्रेसका सहसचिव एवं प्रवक्ता नवीन सिग्देल, जिल्ला सदस्य विकास थापा, नेपाली काँग्रेस क्षेत्र नं १ कास्कीका सचिव ओमप्रकास गुरुङ लगायतले बोल्नुभएको थियो । नेपाली काँग्रेस मादी गाउँपालिकाका सभापति यम बहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं १ का सभापति टंक प्रसाद गुरुङले स्वागत र वडा नं ४ सभापति यमनाथ सापकोटाले कार्यक्रम संचालन गर्नुभएको थियो।

# कास्की जिल्ला ...

अधिकारीले न्ययिक समितिको काम कारबहीलाई व्यवस्थित,पभावकारी र गुणात्मक बनाउन, न्यायिक समितिका पदाधिकारीहरु विच निरन्तर सर्म्पक,समन्वय र न्यायमा एकरुपता दिने उदेश्यले सम्मेलनको आयोजन गरिएको बताउनु भयो। गाउँपालिका शुशासन समिति संयोजक,प्रवक्ता एवं वडा नं २ का अध्यक्ष गणेश आर्चायले स्थानीय तहका न्यायिक समितिलाई कतिपय मेलमिलाप पद्धतिको अनुभव र प्रक्रियामा समस्या हने भएकाले यस्ता महत्वपूर्ण सम्मेलनले यप सहजिकरण र सहज हुने बताउनु भयो। प्रमुख प्रशासकीय अधिकृत गोपिकृण अर्यालले मेलमिलापले न्यायपूर्ण र शन्तिपूर्ण समाज निर्माण गर्ने मा जोड दिनु भयो। अन्नपूर्ण गाउँपालिका उपाध्यक्ष एवं न्यायिक समिति संयोजक चन्द्रकला अधिकारीले मेलमिलाप प्रक्रियामा दुबै पक्षबीचको सहमतिबाट विवादको समाधान हुने भएकाले मेलमिलाप कर्ताले आफ्नो क्षेत्र अधिकारको पुर्ण प्रयोग गरेर मेलमिलापको माध्यमबाट नै जनताको न्यामा पहुँचको अधिकारलाई रक्षा गर्ने सकिने बताउनु भयो । रुपा गा.पा उपाध्यक्ष एव. न्यायिक समिति संयोजक लालसुभा गुरुङले मुद्धाले अदालतमा प्रवेश गर्नुपुर्व नै कानुनी मर्म र धर्ममा रहेर न्यायिक समितिको छलफल बाट सचेत गराउदै समस्यको समाधान गर्न सकियो भने लक्षित वर्गले सहजरुपमा न्याय पाउने बताउनु भयो । मुख्य प्रशिक्षक उपन्यायाधिवक्ता गोपाल ढकालले सम्मेलनमा मेलमिलाप पद्धतिका आधाभूत अवधारण तथा मेलमिलापकर्ताको आचारसंहिताको पालनाको स्थिति, मेलमिलापको बर्तमान अवस्था, हासिल भएका उपलव्धि, देखिएका समस्या तथा भावी कार्यदिशा, अदालत पेरषित मेलमिलापः वर्तमान अवस्था र सुधारका क्षेत्र लगायतका बिषयमा प्रशिक्षण दिनुभएको थियो। सम्मेलनमा कास्की जिल्लाका स्थानीय तहका न्यायिक समितिका संयोजकज्यू, न्यायिक समिति पदाधिकारीहरु साथै माछापुच्छ्रे गाउँपालिकाका विभिन्न वडाका अध्यक्षहरुको पनि उपस्थिति रहेको थियो।

माछापुच्छ्रे गाउँपालिका उपाध्यक्ष एंव न्यायिक समिति संयोजक सीता अधिकारीको अध्यक्षतामा भएको कार्यक्रमको स्वागत न्यायिक समिति सदस्य जमुना पुनले र संचालन महिला तथा बालबालिका शाखा प्रमुख ज्योति पौडेलले गर्नुभयो।


## कृषि उत्पादन बढाऔं

- ◆खेतबारी बाँझो नराखौ, उत्पादनमा जोड दिऔं,
- ◆जैविक मल र जैविक विषादीको प्रयोगलाई बढावा दिऔं,
- ◆स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं,
- ◆प्राङ्गारिक वस्तुको उत्पादन र उपभोगमा जोड दिऔं,
- ◆कृषि तथा पशुपन्छीपालन सम्बन्धी तालिम लिऔं,
- ◆ कृषि अनुदानको सही सदुपयोग गरौं,
- ◆बाली तथा पशुपन्छीहरूमा समस्या देखिएमा स्थानीय तहका कृषि प्राविधिकहरूसँग सल्लाह सुझाव लिऔं,
- ◆कृषि पेशाको सम्मान गरौ, कृषकलाई प्रोत्साहन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# सृजना माविका ३ विद्यार्थीले पाए चिनिया छात्रवृत्ति

**पोखरापत्र संवाददाता**
पोखरा, १९ पुस



पोखरा-८, सृजनाचोकस्थित सृजना मा.वि.का ३ विद्याथीहरूले चिनिया भाषा प्रशिक्षण केन्द्र, काठमाडौंबाट २ लाखको एम्बेस्डर छात्रवृत्ति प्राप्त गरेका छन् ।

विद्यालयको कक्षा ६ डार्विनका छात्र रोहन परियारले एक लाख नगद छात्रवृत्ति प्राप्त गरेका छन् भने कक्षा ८ डार्विनका छात्र अग्रज ढकाल र कक्षा ७ न्युटनकी छात्रा खुसी पौडेलले जनही ५०/५० हजार नगद छात्रवृत्ति प्राप्त गरेका हुन् ।

चिनिया भाषा प्रशिक्षण केन्द्रबाट छात्रवृत्तिका लागि आवेदन माग भएपछि कक्षा ४ देखि ८ सम्म अध्ययनरत ५७० जनाले आवेदन पेस गरेका थिए। जसमध्येबाट विभिन्न चरणका लिखित र मौखिक परीक्षाका माध्यमबाट ३ जना विद्यार्थीहरू छात्रवृत्तिका लागि अन्तिम छनोटमा परेका थिए । यसका साथै चिनिया भाषा, कला र संस्कृतिमा उत्कृष्टता हासिल गर्न सफल मेधावी तथा जेहेन्दार विद्याथीहरूलाई छनोट प्रक्रियाको प्राथमिकतामा राखिएको कुरा विद्यालयका चिनिया भोलेन्टेयर शिक्षक यान युहई र छ्‌ याङ फ्यानले जानकारी दिए। यही पुस १८ गते बिहीवारका दिन एक कार्यक्रमका बिच विद्यार्थीहरुलाई प्रमाणपत्रसहित नगद छात्रवृत्ति प्रदान गरिएको थियो ।

विद्यालयका प्राचार्य डोलराज पाण्डेले केन्द्रबाट प्राप्त नगद रकम र प्रमाणपत्र वितरण गर्नुभएको थियो । छात्रवृत्ति विजेता विद्यार्थीहरुलाई बधाई तथा शुभकामना मन्तव्य राख्दै प्राचार्य पाण्डेले नेपाल र चीनबीच गहिरो दौत्य सम्बन्ध रहँदै आएको र चीनले विगत लामो समयदेखि भाषा, संस्कृति, कला एवम् प्रविधिका क्षेत्रमा महत्वपूर्ण सहयोग र सहकार्य गर्दै आएको कुराको स्मरण गर्नुभयो । साथै नेपाली विद्यार्थीमा पनि चिनिया भाषाको राम्रो ज्ञान भएमा चीनमा गएर विभिन्न विषयहरू पढ्न सजिलो हुने विचार व्यक्त गर्नुभयो।उक्तअवसरमाविद्यालयका सल्लाहकार कृष्णप्रसाद घिमिरे, विद्यालय निर्देशक सीता पाण्डे, भाइस प्रिन्सिपल इन्द्रकुमार श्रेष्ठ लगायत विद्यालयका शिक्षक, विद्यार्थीहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा विद्यालयका सल्लाहकार कृष्णप्रसाद घिमिरे तथा चिनिया भोलेन्टेयर शिक्षक यान युहइले विजेता विद्यार्थीहरूलाई बधाई तथा शुभकामना व्यक्त गरेका थिए। विद्यालयमा २०७५ सालदेखि चीनिया भाषा प्रशिक्षण केन्द्रको सहकार्यमा कक्षा ४ देखि ८ सम्म नियमित रूपमा चिनिया भाषाको पठनपाठन हुँदै आएको छ।

# कालिका माध्यमिक विद्यालयमा अन्तरसदनात्मक प्रतियोगिताहरू

**पोखरापत्र संवाददाता**
पोखरा, १९ पुस

पोखरा-१०, रामबजार - कालिका माध्यमिक विद्यालय पोखरा-१० रामबजारले शुक्रवारको दिन पारेर विद्यार्थीहरूको बौद्धिक क्षमता, तार्किकता, स्मरणशक्ति र अभिव्यक्ति कौशलता अभिवृद्धिका लागि विभिन्न अन्तरसदनात्मक प्रतियोगिताहरू- कक्षा नर्सरीदेखि कक्षा तीनसम्म स्मरणशक्ति प्रतियोगिता, कक्षा चार र पाँचका विचमा गणित हाजिरीजवाफ प्रतियोगिता र कक्षा छ देखि नौ तर्फ वक्तृत्वकला प्रतियोगिता,- सञ्चालन गरेको छ।

विद्यार्थीहरूको स्मरणशक्ति परीक्षण गर्न दुई समूहमा प्रतियोगिता आयोजना गरिएको थियो। पहिलो समुह तर्फ कक्षा नर्सरी तथा कक्षा के.जी.लाई समावेश गरिएको थियो । उक्त समुह तर्फ अनिशा कोहाटाने प्रथम बन्न सफल भईन भने अनिशा पुन, प्रनिशे नेपाली र अनार सुनारले क्रमशः द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्न सफल भए। त्यसैगरी दोस्रो समुह तर्फ कक्षा एक देखि कक्षा तीनलाई समावेश गरिएको थियो। उक्त्त समुह तर्फ अभिषेक के.सी. प्रथम वन्न सफल भए भने सुनीला परियारले द्वितीय स्थान, शुशान्त पाण्डे र वर्षा थापाले तृतीय स्थान तथा रविना मगर र लक्ष्मी बडुवालले सान्त्वना स्थान प्राप्त गर्न सफल भए । गणित हाजिरीजवाफ प्रतियोगितामा ग्रीन हाउसले उत्कृष्ट प्रदर्शन गर्दै उक्त हाउसका सदस्यहरू मोहमद आसिफ अन्सारी, दृष्टि पौडेल, उम कूल्सुङ, र मनोज सुनुवारले प्रथम स्थान हासिल गर्न सफल भए। त्यस्तै प्रतियोगितामा दोस्रो स्थान पहेँलो हाउसका देवीसा सुवेदी, निशुमा बिके, शिवम जयसवाल, र मन्दिप परियारले प्राप्त गरे भने नीलो हाउसका देबिशा खण्डोलुक मगर, आरोही परियार, दर्शन चौधरी, र आहिर बारामले तृतिय स्थान प्राप्त गर्न सफल भए । वक्तृत्वकला प्रतियोगितामा कक्षा नौमा अध्ययनरत रातो हाउसका आयुस खनालले उत्कृष्ट प्रस्तुति दिँदै प्रथम स्थान हासिल गरे। कक्षा आठका मनोज जाग्री (हरियो हाउस) र लक्ष्मण बहादुर कुँवरले (पहेलो हाउस) क्रमशः दोश्रो र तेश्रो स्थान हात पारे भने कक्षा नौकि लक्ष्मिकुमारी बरहीले (पहेलो हाउस) सान्त्वना पुरस्कार प्राप्त गरिन । कक्षा छ देखि नौ सम्म अध्ययनरत बिद्यार्थीका विचमा सञ्चालित प्रतियोगिताको शिर्षक पठन संस्कृतिमा पुस्तकालयको महत्त्व भन्ने रहेको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दीपक बहादुर थापाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको कार्यक्रममा पोखरा महानगरपालिका वडा नं १० का वडा सदस्य परमेश्वर बहादुर कार्की तथा प्रधानाध्यापक श्रीराम आचार्यको विशेष उपस्थिती रहेको थियो । कार्यक्रमको संयोजन विद्यालयका सहायक प्रधानाध्यापक तथा अतिरिक्त क्रियाकलाप प्रमुख कुशल लामिछानेले गर्नु भएको थियो भने सभाध्यक्षता विद्यालयकी छात्रा आकृती भण्डारीले गर्नुभएको थियो। वक्तृत्वकला प्रतियोगिताको निर्णायकहरूमा शिक्षक त्रय रामप्रसाद गौतम, भवानीशंकर सुवेदी, र शिवजी तिवारी रहनु भएको थियो । शिक्षक विजय सापकोटाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । त्यस्तै गणित हाजिरीजवाफ प्रतियोगिताको क्विज मास्टरको भुमिका प्रा. वि. ईन्चार्ज लेकमाया पुन तथा शिक्षक रानु थापाले निर्वाह गर्नु भएको थियो। कार्यक्रमका संयोजक कुशल लामिछानेले आगामी दिनमा विद्यालयले यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिँदै विद्यार्थीहरूको नेतृत्व क्षमता र सिर्जनात्मकताको विकासमा योगदान पुऱ्याउदै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# पाँच महिनामा सात करोड बढी राजस्व सङ्कलन

**पोखरापत्र संवाददाता**
तनहुँ, १९ पुस

यातायात व्यवस्था कार्यालय तनहुँले पाँच महिनाको अवधिमा रु सात करोडभन्दा बढी राजस्व सङ्कलन गरेको छ । चालु आर्थिक वर्षको साउनदेखि मङ्सिर मसान्तसम्म रु सात करोड ७१ लाख ६२ हजार एक सय सङ्कलन गरेको हो ।

कार्यालयका अनुसार यातायात क्षेत्रबाट रु २४ लाख ३२ हजार नौ सय, चालक अनुमतिपत्र, सवारी दर्ता किताबसम्बन्धी रु एक करोड ४९ लाख एक हजार सात सय ५०, सवारीसाधन कर रु पाँच करोड ७० लाख ५५ हजार एक सय ६० र सवारी आयकर रु २७ लाख ७२ हजार तीन सय ७५ सङ्कलन भएको हो ।

यहाँ स्थापित यातायात व्यवस्था कार्यालयको कार्यक्षेत्र तनहुँ, गोरखा, लमजुङ र मनाङ भए पनि चितवन र धादिङका बासिन्दासमेत सवारी चालक अनुमतिपत्रसम्बन्धी सेवा लिन आउने गरेका कार्यालय प्रमुख गोपाल ओलीले जानकारी दिनुभयो । उहाँका अनुसार 'बिलबुक' नवीकरणमा दुई सय, लाइसेन्स र 'बायोमेट्रिक'मा दैनिक दुई सय ५० भन्दा बढीले सेवा लिने गरेका छन् । थोरै जनशक्तिका कारण सेवा प्रवाहमा भने समस्या रहेको कार्यालय प्रमुख ओलीले बताउनुभयो । "सत्र जना कर्मचारीको दरबन्दी रहेको यस कार्यालयमा ११ जना कर्मचारी मात्रै सेवामा छौँ । सेवाग्राहीको चाप बढ्दै गइरहेको छ। त्यसैले थोरै जनशक्तिमा काम गर्नु पर्दा सेवा प्रवाहमा कठिनाइ भइरहेको छ", उहाँले भन्नुभयो । बायोमेट्रिकका लागि आइतबार, सोमबार, मङ्गलबार र बुधबार गरी हप्तामा चार दिन काम गर्ने व्यवस्था मिलाइएको छ । जनशक्ति र भौतिक संरचनाको अभावमा सवारी जाँच र प्रदूषण जाँच गर्न नसकिएको कार्यालय प्रमुख ओलीले जानकारी दिनुभयो । वैदेशिक रोजगारी र विदेशमा पढ्न जाने विद्यार्थीलाई आकस्मिक लाइसेन्स आवश्यक परेमा सवारी 'ट्रायल पास' गरेपछि राजस्व लिएर एक हप्तामा अनुमतिपत्र नम्बर दिने गरिएको छ। सन् २०२३ को डिसेम्बरसम्म छापिएर आएका नौ हजार छ सय ४५ जनालाई लाइसेन्स वितरण गरिसकिएको छ । त्यसपछिका भने छपाई प्रक्रियामै रहेका सो कार्यालयले जनाएको छ।

# मुक्तिनाथ विकास बैंकको रक्तदानमा १ सय ५२ यूनिट संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, १९ पुस

मुक्तिनाथ विकास बैंकको १९ बर्षमा प्रबेश गरेको अवसरमा शुक्रबार पोखरामा आयोजना भएको खुल्ला रक्तदान कार्यक्रमबाट १ सय ५२ यूनिट रंक्त संकलन भएको छ।

शुक्रबार बैंकका कर्मचारी, शेयर धनि सहित अन्य शुभेच्छुकहरुको सहभागितामा उक्त यूनिट संकलन भएको वैकका सम्पति व्यवस्थापक तथा विशेष परियोजना प्रमुख वावुराम ढकालले बताउनु भयो ।

बैंकले आफ्नो सामाजिक उत्तरदाहित्व बोध गर्दै हरेक बर्ष विभिन्न सामाजिक कार्य गर्दै आएको उहाँले जनाउनु भयो । क्षेत्रीय प्रमुख ऋषिराम ढकाल, रक्त संचार केन्द्र पोखराका प्रमुख अर्जुन ज्ञवाली लगायतले रंक्तदानको बारेमा चर्चा गर्नु भएको थियो ।

यसैबिच, बैंकले यस बर्ष देखि कृष पत्रकारिता पुरस्कारको समेत सुरुवात गरेको छ। मुक्तिनाथ विकास बैंकले आफ्नो १९ औं वार्षिकोत्सबको अवसर पारेर "मुक्तिनाथ उत्कृष्ट कृषि पत्रकारिता पुरस्कार" को सुरुवात गरेको हो । पत्रकारिता क्षेत्रलाई प्रोत्साहन गर्ने उद्धेश्यले बैंकले थालनी गरेको यो सुरुवातले पक्कै पनि कृषि क्षेत्रमा पत्रकारिता गर्ने पत्रकारहरुलाई थप उत्साहित गर्ने आम पत्रकारको बुझाई रहेको छ।

बैंकले प्रदान गर्ने यस पुरस्कार बैंकको १९ औं वार्षिकोत्सबको अवसर पारेर आज वितरण गरिएको छ । "मुक्तिनाथ उत्कृष्ट कृषि पत्रकारिता पुरस्कार" मा प्रथम हुने सागर परियार, दोस्रो हुने कौशिला कुवर र तेस्रो हुने माधव अर्याल रहेका छन् ।

# गाउँभरि केराखेती, बजारको अभाव

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ पुस



एक सय ५० भन्दा बढी घरपरिवारको बसोबास रहेको बेनी नगरपालिका-२ खबरा गाउँभरि केराखेती भएको छ । तर उत्पादन भएको केराले बजार नपाउँदा किसान चिन्तित भएका छन् ।

हिउँदयाम सुरू भएसँगै केरा बिक्री घटेको र बोटमै पाकेर चराचुरूङ्गीको आहरा बन्न थालेको खबराका किसान वुद्धवीर परियारले बताउनुभयो । "पहिले हप्ताको २० घरीसम्म केरा बिक्री हुन्थ्यो", उहाँले भन्नुभयो, "हिजोआज हप्तामा मुस्किलले पाँच घरी पनि बिक्री हुँदैन ।" खबराका सबैले व्यावसायिक केराखेती गरेका छन् । यहाँ वार्षिक रू दुई करोड मूल्यभन्दा बढीको केरा बिक्री हुने स्थानीय राधाकृष्ण कृषि सहकारी संस्थाले जनाएको छ । केरा बिक्री र आम्दानी घटेको खबराका किसान हीरा कुँवरले बताउनुभयो । धान, कोदो, मकै बालीको विकल्पमा केराखेती गरेका किसान उत्पादनले बजार र मूल्य नपाउँदा निराश भएका उहाँले बताउनुभयो । प्रति १२ कोसा (दर्जन) रू एक सय ८० सम्ममा बिक्री गरेको केराको मूल्य घटेर अहिले रू एक सयमा झरेको छ । बेनीका फलफूल व्यवसायी श्रीकृष्ण सुवेदीले चिसो बढेसँगै केराको खपत र बिक्री घटेको बताउनुभयो । गर्मीयाममा दैनिक २० दर्जनसम्म खपत हुने केरा हिजोआज दुई-तीन दर्जनमात्रै बिक्री भएको उहाँले बताउनुभयो ।

स्थानीय किसानको उत्पादनले पुगेपछि बेनीमा पछिल्ला पाँच वर्षयता भारत र तराईबाट केरा आयात न्यून मात्रामा हुने गरेको छ । खेती विस्तारसँगै उत्पादन बढेको, सीमित बजार र प्रतिकूल मौसमका कारण केरा बिक्रीमा समस्या भएको खबराको राधाकृष्ण कृषि सहकारी संस्थाका अध्यक्ष सोवित शर्मा (सापकोटा)ले बताउनुभयो । केराका अन्य परिकार बनाउने र सहकारीमार्फत सङ्कलन गरेर पोखरा, बागलुङ, कुश्मामा बजार खोज्न थालिएको उहाँले बताउनुभयो । बेनी नगरपालिकाको केरा पकेट कार्यक्रममार्फत खबरामा पाँच सय रोपनीभन्दा बढी क्षेत्रफलमा केराखेती भएको छ । सोह्र हजारभन्दा बढी केराका गाँज छन् । बेनी नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले खबराका किसानलाई केरा थामको रेशाबाट धागो बनाउने तालिम र प्रविधि सहयोग गरेको बताउनुभयो । गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रममार्फत केराको रेशाबाट धागो बनाउने, थाम कुहाएर प्राङ्गरिक मल बनाउने र बजारीकरण गर्न मिलन संस्थाको आइदिया परियोजनासँग समन्वय गरेको उपप्रमुख लामिछानेले बताउनुभयो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि. स. १९९४/०५/२७ गते

स्वर्गारोहणः
वि.स. २०८१/०९/१२ गते

**स्व. नारानदेबी तमी श्रेष्ठ**

हाम्रा आदरणीय मित्र रामबजार पोखरा-१० निवासी रामबजार टोल बिकास संस्था रामबजार १०/१५ का सचिव नारायण श्रेष्ठ र शुभचिन्तक गणेश श्रेष्ठ, गंगा श्रेष्ठका ममतामयी माता प्रतिमा श्रेष्ठका सासुआमा रामबजार टोल विकास सस्थाका शुभचिन्तक दानबिर दाता सहयोगी अति मिलनसार **नारानदेबी तमी श्रेष्ठ**को ८७ वर्षको उमेरमा भएको असमायीक स्वर्गारोहणले हामी रामबजारबासी अति मर्माहत भएका छौं यस दुःखद घडिको आज नवौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं साथैं शोकसन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सम्मर बहादुर श्रेष्ठ**
**अध्यक्ष एवम्**
**रामबजार टोल विकास संस्था**
**रामबजार १०/१५ पोखरा परिवार**